# नेपाल इन्जिनियर्स एशोसिएसनको
# तेस्रो संशोधित विधान
# २०५१

**प्रस्तावना**

नेपालको सर्वाङ्गीण विकासको कममा देशका इन्जिनियर समुदायको भुमिका सुव्यवस्थित तवरले प्रभावशाली बनाउनको साथै समुदायको पेशागत हित र समुन्नतिका लागि सङ्गठीत तवरले सामुहिक रुपमा काम गर्न ✡ ..........*मुनाफारहित एवं गैर राजनैतिक*[1] एक संस्थाको स्थापना गर्ने उद्देश्यबाट विक्रम सम्बत ✡ ..........*२०१९*[2] सालमा स्थापित नेपाल इन्जिनियर्स एशोसिएसनले २०२४ सालमा तयार भएको विधान अन्तर्गत काम गर्दै आएकोमा त्यस विधानमा समसामयिक संशोधन गर्न वान्छनीय देखिएकोले यो तेस्रो संशोधन ०५१/०१/३१ को विशेष साधारण सभाबाट पारित भई मिति ०५१/०३/२० देखि लागू गरिएको छ ।

## दफा - १ नाम, ठेगाना र उद्देश्यहरु

१) **नाम**

यो संस्थाको नाम "नेपाल ईन्जिनियर्स एशोसिएसन" रहेको छ ।

२) **ठेगाना**

यो संस्थाको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । यस विधानको अधिनमा रही आवश्यकता अनुसार ✡ ..........*नेपाल भित्र र बाहिर*[3] क्षेत्रीय केन्द्र र केन्द्रहरु खोल्न सकिनेछ ।

३) **उद्देश्य**

यस संस्थाका उद्देश्यहरु निम्न लिखित हुनेछन :-

क) नेपालमा ईन्जिनियरिङ्ग विज्ञान र प्रविधिको समुचित विकास तथा परिचालन गर्ने गराउने तर्फ सहयोग पुऱ्याउने ।

ख) नेपाली ईन्जिनियरहरु बीच आपसी सम्पर्क, सदभावना र सहयोग बढाउने तथा उनीहरुको हक हितको सुरक्षा गर्ने ।

ग) नेपालको राष्ट्रिय विकास गतिविधिमा देशका इन्जिनिरिङ्ग जनशक्तिको सहभागिताको हदैसम्म उपयोग गरेर यसतर्फ विदेशी निर्भरतालाई अन्त गर्न प्रयास गर्ने ।

घ) सदस्यहरु बीच पेशागत उच्चतम आदर्शलाई निरन्तर अभिवृद्धि गर्ने तथा व्यापक तुल्याउने ।

ङ) अन्तर्राष्ट्रिय ईन्जिनियरिङ्ग संघ संस्थासंग सम्बन्ध, आपसी सहयोग तथा सद्भावना राख्ने ।

## दफा - २ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

क) "संस्था" वा "एशोसिएसन" भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनलाई जनाउनेछ ।

ख) "विधान" भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान (संशोधन सहित) लाई जनाउनेछ ।

ग) "नियम" वा "उप-नियम" भन्नाले यो विधान अर्न्तगत बनेका एशोसिएसनका नियम, उप-नियमलाई जनाउनेछ ।

घ) "तोकिए बमोजिम" वा "तोकिएको" भन्नाले यस विधान र विधान अन्तर्गत बनेका नियम उप-नियममा तोकिएको कुरालाई जनाउनेछ ।

ङ) "परिषद" भन्नाले एशोसिएसनको कार्यकारिणी परिषदलाई जनाउने छ ।

च) "सदस्य" भन्नाले यस विधान अन्तर्गत सम्पूर्ण अधिकार उपभोग गर्न पाउने फेलो, साधारण सदस्य र आजीवन सदस्यलाई जनाउने छ ।

छ) "ईन्जिनियर" भन्नाले आर्किटेक्ट समेतलाई जनाउनेछ ।

---

✡[1] *०६९/०६/२७ को ४३औं साधारण सभाको निर्णयद्वारा शब्द थप गरिएको ।*

✡[2] *०६९/०६/२७ को ४३औं साधारण सभाको निर्णयद्वारा मिति थप गरिएको ।*

✡[3] *०६९/०६/२७ को ४३औं साधारण सभाको निर्णयद्वारा शब्द संशोधीत ।*

## दफा - ३ सदस्यता

१) **प्रकार**

एशोसिएसनका निम्न प्रकारका सदस्य हुनेछन :-

(क) साधारण सदस्य (ख) आजीवन सदस्य

(ग) फेलो (घ) मानार्थ सदस्य

(ङ) संस्थागत सदस्य (च) ननकर्पोरेट सदस्य

२) **योग्यता**

क) ***साधारण सदस्य***

नेपाल इन्जिनियर्स एशोसिएसनले मान्यता दिएको कुनै विश्वविद्यालय वा उच्च शिक्षण संस्थानबाट आर्किटेक्चर वा इन्जिनियरिङ्ग टेक्नोलोजी विषयमा कम्तिमा स्नातकोपाधि प्राप्त गरी आर्किटेक्चर, इन्जिनियरिङ्ग वा सम्बन्धित पेशामा लागेका व्यक्तिले एशोसिएसनको सदस्यता प्राप्त गर्न सक्नेछन ।

ख) ***आजीवन सदस्यता***

देहायका अवस्थामा एशोसिएसनको आजीवन सदस्यता प्राप्त गर्न सकिने छ ।

अ. कम्तिमा ५ वर्षको सदस्यता कायम राखेका सदस्यले एशोसिएसनलाई बुझाउनु पर्ने सवै बाँकी रकमका साथै आजीवन सदस्यताको लागि तोकिएको शुल्क बुझाई आजीवन सदस्यताको लागि माग गरेको आवेदन परिषदद्वारा स्वीकृत भएमा ।

आ. ६० वर्ष उमेर पुग्दासम्म कायम राखेका संस्थापक सदस्य (०२४ सालको सदस्यता) वा कम्तिमा २५ वर्षसम्म सदस्यता शुल्क तिरी सकेका भए ६० वर्ष पुगेका सदस्यलाई परिषदले स्वत: आजीवन सदस्य वनाउनु पर्नेछ ।

ग) ***फेलो***

देहायको योग्यता पुगेको कुनै सदस्य एशोसिएसनको फेलो वन्न सक्ने छन ।

अ. कम्तिमा १० वर्षसम्म अविछिन्न सदस्यता कायम राखी सम्बन्धित पेशामा लागेका र उल्लेखनीय योगदान दिएका ।

आ. फेलो वन्न आवेदन दिंदा कम्तिमा ३५ वर्ष उमेर पुगेका ।

इ. यस विधान अन्तर्गत बनेका विनियमले तोकेको अन्य योग्यता र प्रक्रिया समेत पूरा गरी सदस्यले दिएको आवेदन माथि विचार गरी परिषदले फेलो प्रदान गर्ने निर्णय गरेमा ।

घ) ***मानार्थ सदस्य***

एशोसिएसनको हित संरक्षण तथा प्रतिष्ठा सम्बर्धनमा लागी योगदान गरेको राष्ट्रिय तथा अन्तर्राराष्ट्रिय जगतमा इन्जिनियरिङ्ग क्षेत्र या पेशाको हितको लागि कार्य गरेको वा ठोस योगदान दिएको ख्याति प्राप्त व्यक्तिलाई निजको इन्जिनियरिङ्ग स्नातक डिग्री नभए पनि मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

ङ) ***संस्थागत सदस्य***

कुनै सदस्य वा सदस्यहरुको नाममा दर्ता भएको वा कम्तिमा एकजना एशोसिएसनका सदस्य व्यवस्थापन तहमा संलग्न रहेको इन्जिनियरिङ्ग वा आर्किटेक्चर सम्बन्धि काम गर्ने मान्यता प्राप्त संघ वा संस्थालाई यस एशोसिएसनको संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । तर त्यस्तो संघ संस्थाबाट एशोसिएसनमा प्रतिनिधित्व गर्ने व्यक्ति एशोसिएसनको सदस्य हुनु पर्ने छ ।

च) ***नन्कर्पोरेट सदस्य***

माथी उल्लेख गरको देखि वाहेकका एशोसिएसनका वर्तमान सदस्य ननकर्पोरेट सदस्य हुनेछन ।

छ) यो विधान संशोधन हुँदासम्मका एशोसिएट सदस्यहरु स्वत: सदस्य हुनेछन ।

## दफा - ४ सदस्यता प्रदान तथा खारेजी

१. **सदस्यता प्रदान**

देहायका अवस्थामा एशोसिसनको सदस्यता प्रदान गरिनेछ :

क) एशोसिएसनको सदस्यता प्राप्त गर्नको लागि दफा - ३ को उप दफा - २ को खण्ड (क) मा तोकिएको योग्यता प्राप्त व्यक्तिले कम्तिमा, एकजना सदस्यद्वारा प्रस्तावित र अर्को एकजना सदस्यद्वारा समर्थित हुनाका साथै तोकिएको शुल्क बुझाई परिषद् समक्ष वा तोकिएको ठाउँमा आवेदन प्रस्तुतुत गर्नु पर्नेछ । परिषदले त्यस्तो आवेदन माथि विचार गरी सदस्यता प्रदान गर्न सक्नेछ ।

ख) आजीवन सदस्य प्राप्ति गर्नको लागि दफा ३ को उपदफा २ को खण्ड (ख) मा तोकिएको योग्यता पुगेका सदस्यले दिएको आवेदन माथि विचार गरी परिषदले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

ग) फेलो प्राप्ति गर्नका लागि दफा ३ को उपदफा २ को खण्ड (ग) मा तोकिएको योग्यता पुगेको सदस्यले तोकिएको शुल्क बुझाई परिषद् समक्ष वा तोकिएको ठाउँमा दिएको आवेदन उपर विचार गरी फेलो समितिको सिफारिसमा परिषद्ले फेलो प्रदान गर्न सक्नेछ ।

२. **सदस्यताको खारेजी**

देहायका अवस्थामा एशोसिएसनका सवै प्रकारका सदस्यताको खारेजी हुनेछ ।

क) सदस्यताबाट दिइएको राजीनामा परिषदबाट स्वीकृत भएमा ।

ख) सदस्यको निधन भएमा, मानसिक असन्तुलन भएमा वा तोकिएको योग्यता कायम नरहेमा ।

ग) संस्थागत सदस्यता प्राप्त गर्ने संघ वा संस्थाको विघटन भएमा वा सम्बन्धित काम गर्ने मान्यता समाप्त भएमा ।

घ) तोकिएको वार्षिक शुल्क लगातार २ वर्ष भन्दा बढी समय सम्म नतिर्ने वा एशोसिएसनलाई बुझाउनु पर्ने अन्य कुनै रकम निर्धारित समय सम्म पनि नबुझाउने सदस्यलाई परिषदले रकम नबुझाउन्जेल सम्मका लागि मताधिकार लगायत सबै किसिमका अधिकार सहुलियतहरुबाट बञ्चित गर्न सक्नेछ तर त्यस्ता सदस्यहरुले उक्त रकम बुझाएपछि यो उप दफाको बन्देज स्वतः समाप्त हुनेछ ।

ङ) सदस्यले विधान वा यस अन्तर्गत बनेका नियम उप-नियम उल्लंघन गरेमा अथवा इन्जिनियरिङ्ग समुदायको हित विरुद्ध कार्य गरेमा अथवा तोकिएको आचारसंहिता उल्लंघन गरेमा निजलाई परिषदको दुई तिहाई बहुमतको निर्णयबाट सदस्यताबाट निष्काशन गर्न सकिनेछ । तर त्यसरी निष्काशित गर्दा सम्बन्धित सदस्यलाई आफ्नो निर्दोषिता प्रमाणित गर्न आफ्नो प्रति रक्षा गर्न पाउने अधिकारबाट बञ्चित गरिने छैन । परिषदको निष्काशनको निर्णय माथि चित्त नबुझ्ने सम्बन्धित व्यक्तिले आगामी साधारण सभामा पुनरावेदन गर्न सक्नेछ तर यस्तो निर्णय उपर पुनरावेदन गर्न पाइने साधारण सभा बस्नु वीचको अवधिभर यस्तो निष्काशित व्यक्ति एशोसिएसनको सदस्यताको हैसियतबाट प्राप्त सबै अधिकार र सुविधाबाट बञ्चित रहनेछ ।

## दफा - ५ सदस्यता शुल्क

सबै प्रकारका सदस्यले एशोसिएसनलाई बुझाउनु पर्ने प्रवेश शुल्क, वार्षिक सदस्यता शुल्क तथा आजीवन सदस्य बन्न एक मुष्ठ बुझाउनु पर्ने शुल्क, साधारण सभाले तोके बमोजिम हुनेछ ।

## दफा - ६ सदस्यका कर्तव्य र अधिकार

१) **कर्तव्य**

सबै प्रकारका सदस्यहरुको कर्तव्य देहायमा लेखिए अनुसार हुनेछन्:

क) एशोसिएसनको हित र मर्यादा कायम राख्न सदा तत्पर रहने ।

ख) आ - आफ्नो पेशा अन्तर्गत रही एशोसिएसनलाई अहित हुने कुनै पनि कार्य नगर्ने ।

ग) एशोसिएसनलाई बुझाउनु पर्ने शुल्कहरु समयमा बुझाउने ।

घ) एशोसिएसनको तत्वावधानमा वा एशोसिएसनको सहयोगमा हुने कुनै पनि कृयाकलापका आयोजनामा सक्दो सहयोग गर्ने ।

ङ) कुनै सदस्यको कर्तव्य तथा अधिकारमा वाधा र हानी नोक्सानी नपुऱ्याई एशोसिएसनको उद्देश्य प्राप्ति तथा कृयाकलापमा, सक्रिय रुपले भाग लिने ।

च) आफ्नो ठेगाना परिवर्तन भएमा वा गर्न चाहेमा यथाशिघ्र एशोसिएसनलाई सूचना दिने ।

छ) तोकिएको आचारसंहिता पालना गर्ने ।

२) **अधिकार**

देहायमा लेखिएका कुरा सदस्यका सास्वत अधिकार हुनेछन्:

१) सबै प्रकारका सदस्यहरुले एशोसिएसनको साधारण सभा विशेष साधारण सभा र राष्ट्रिय सम्मेलनहरुमा भाग लिन पाउने छन । तर यस्ता सभाहरुमा कुनै पनि निर्णयका लागि हुने मतदानमा भाग लिन र कार्यकारिणी परिषद एवं, कार्यकारिणी समितिहरुको निर्वाचनमा भाग लिन सदस्य मात्र योग्य हनेछन् ।

२) सबै प्रकारका सदस्यहरुले एशोसिएसनको आयोजनामा भएको वादविवाद, व्याख्यान, सम्मेलन, सभा, गोष्ठी, मनोरञ्जन साथै अन्य कार्यक्रमहरुमा समानरुपले भाग लिन पाउनेछन ।

३) सबै प्रकारका सदस्यहरुले यस विधान अन्तर्गत बनेको नियम उप-नियमहरुले दिएको अन्य सुविधाहरु समानरुपले उपभोग गर्न पाउनेछन् ।

## दफा - ७ साधारण सभा

१) **परिभाषा र अधिकार**

सबै सदस्यहरुको समूहलाई साधारण सभा भनिनेछ जुन एशोसिएसनको सर्वोच्च अङ्ग हुनेछ । यसले एशोसिएसनको नीति निर्माण गर्न परिषदलाई निर्देशन दिने लगायत व्यवस्थापिका तथा सर्वोच्च कार्यपालिकाको रुपमा पनि काम गर्नेछ ।

२) **साधारण सभाका प्रकार**

क) ***वार्षिक साधाण सभा*** :- वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ । यस्तो सभाका लागि सभा हुनु भन्दा घटीमा २१ दिन अगावै परिषदले सभामा छलफल हुने विषय समेत समावेश गरी सबै सदस्यलाई सूचना दिनु पर्ने छ । यस्तो साधारण सभामा छलफल गर्न भनी कुनै विषय समावेश गरियोस भनी कम्तिमा ४५ दिन अगाडि घटीमा १० जना सदस्यद्वारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए सो समेत खुलाई प्रस्तुत गर्नु पर्ने छ ।

ख) ***विशेष साधारण सभा*** :- परिषदले निर्णय गरेमा वा कम्तिमा ४० जना सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको ७ दिन भित्र १५ दिनको सूचना दिई विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

३) **गणपूरक संख्या**

यस विधानमा अन्य व्यवस्था भएकोमा वाहेक साधारण सभाका लागि साधारण सभा बोलाउँदाका समय कायम रहेको सदस्य संख्याको कम्तिमा १०% सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

गणपूरक संख्याको अभावमा कुनै साधारण सभा हुन नसकेमा त्यसको ठीक ७ दिन पछि तोकिएको स्थान र समयमा अर्को सभा हुनेछ जसमा जतिसुकै सदस्य उपस्थिति भएपनि सभा सम्पन्न गर्न यस उप-दफाले वाधा पुऱ्याएको मानिने छैन । अन्यथा उल्लेख भएमा वाहेक साधारण सभामा उठाईएका प्रश्नहरुको निर्णय गर्दा उपस्थित सदस्यको साधारण बहुमतले पारित हुनेछ ।

४) **वार्षिक साधारण सभामा छलफल गर्नु पर्ने विषयहरु**

निम्न लिखित विषयहरु वार्षिक साधारण सभामा अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्ने छ ।

क) एशोसिएसनको वार्षिक प्रतिवेदन ।
ख) वार्षिक आम्दानी खर्चको विवरण ।
ग) लेखापरिक्षक नियुक्ति गर्ने ।
घ) विविध ।

## दफा - ८ संगठन

**कार्यकारिणी परिषद्**

१) एशोसिएसनको कार्य सञ्चालन र प्रवर्धनको निमित्त देहाय अनुसारको पदाधिकारी र सदस्यहरु भएको एक कार्यकारिणी परिषद् रहनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| उप-महासचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | १० |
| | जम्मा १५ जना |

परिषदले आवश्यक सम्झेमा सदस्यहरु मध्येबाट एकजनालाई सह-कोषाध्यक्ष नियुक्ति गर्न सक्नेछ ।

२) **निर्वाचन**

क) कार्यकारिणी परिषद र कार्यकारिणी समितिका पदाधिकारीहरु र सदस्यहरुको निर्वाचन, एशोसिएसनका सदस्यहरु मध्येबाट प्रत्येक पदका लागि एक मताधिकारको आधारमा गोप्य मतदानद्वारा बहुमतको निर्णयबाट गरिनेछ ।

ख) परिषदको वा कार्यकारिणी समितिको पदाधिकारी भई एउटै पदमा लगालग ३ पटकको पदावधि पूरागरी सकेपछि सोही पदको लागी लगालग चौथो पदावधिका लागी निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । तर परिषदको वा कार्यकारिणी समितिको सदस्य हुन यो बन्देज रहने छैन ।

३) **पदावधि**

कार्यकारिणी परिषदको पदावधि सामान्यतया २ वर्षको हुनेछ । तर,

क) नयाँ उत्तराधिकारीको निर्वाचन नभएसम्म पदावधि कायमै रहेको मानिनेछ ।

ख) यस विधानका अन्य व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि यो संशोधन लागू भएका वर्ष कायम रहेको परिषद्को पदावधि आगामी वर्षको भाद्र मसान्तसम्ममा समाप्त हुनेछ ।

४) **कर्तव्य र अधिकार**

क) कर्तव्य

परिषदले

अ) विधान र साधारण सभाका नीति निर्देशन अन्तर्गत रही एशोसिएसनको उद्देश्य प्राप्तिको निमित्त कार्यरत रहनु पर्नेछ ।

आ) एशोसिएसनको दैनिक कार्य सञ्चालन गर्नेछ ।

इ) एशोसिएसनको दैनिक प्रति पूर्ण उत्तरदायी रहनु पर्नेछ ।

ई) एशोसिएसनको उद्देश्य प्राप्ति र समुन्तिका लागि विभिन्न कार्यकमहरु तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ ।

उ) दैनिक तथा वार्षिक कार्यकमहरुको तर्जुमा सञ्चालन एवं कार्यान्वयन गर्नेछ ।

ऊ) साधारण सभाद्वारा पारित नीति, निर्देशन एवं निर्णयहरुको पालना तथा कार्यान्वयन गर्नेछ ।

ए) साधारण सभा समक्ष लिखित वार्षिक प्रतिवेदन प्रस्तुत गर्नेछ ।

ऐ) आफ्नो कार्यकाल भित्र एउटा राष्ट्रिय सम्मेलनको आयोजना गर्ने छ । यस्तो सम्मेलनमा बढी से बढी इन्जिनियरहरुलाई भाग लिने मौका दिइ समसामयिक विषयमा सेमिनार आयोजना गरिनेछ ।

ख) अधिकार

परिषदले

अ) विधान अन्तर्गत नियम, उपनियमहरु बनाउनु, संशोधन गर्न र खारेजी गर्न सक्नेछ ।

आ) एशोसिएसनको साधारण सभाबाट निर्णय हुनु पर्ने कुनै विषयको लागि साधारण सभा बोलाउन नभ्याउने परिस्थितिमा परिषदले आफै निर्णय गरि कार्य सञ्चालन गर्न सक्नेछ । तर यस्ता निर्णय आगामी साधारण सभामा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

इ) कुनै विशेष कार्यकम सम्पन्न गर्न, समिति वा उपसमिति गठन गर्न, पेशागत वा कार्यगत रुपमा सम्बन्धित सदस्यहरुको इकाई (सेल) गठन गर्न, स्वदेश वा विदेशमा आयोजित सभा-सेमिनारमा एशोसिएसनको प्रतिनिधि पठाउन एवं दैनिक वा विशेष कार्यका लागि बैतनिक कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

ई) एशोसिएसनको हित तथा लाभ हुने काम गर्न सक्नेछ ।

उ) एशोसिएसनको चल अचल सम्पत्तिको नियन्त्रण, संरक्षण, खर्च एवं खरीद विकी गर्न सक्नेछ ।

ऊ) यस विधानले दिएको र विधान अन्तर्गत बनेको नियम उप-नियमले दिएका अन्य अधिकार प्रयोग गर्न सक्नेछ ।

ग) बैठक

कार्यकारिणी परिषदको बैठक साधारणतया प्रत्येक महिनाको एक पटक बस्नेछ तर विशेष परिस्थितिहरुमा २४ घण्टाको सूचनामा पनि बैठक बस्न सक्नेछ ।

घ) गणपूरक संख्या

कार्यकारिणी परिषदको बैठक सञ्चालनका लागि कम्तिमा परिषदका ७ जना सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

ङ) पदाधिकारीहरुको कर्तव्य र अधिकार

क) अध्यक्ष

१) परिषदको बैधानिक प्रमुखको रुपमा एशोसिएसनलाई नेतृत्व प्रदान गर्ने ।

२) एशोसिएसनको प्रतिनिधित्व गर्ने ।

३) परिषदको अध्यक्षता गर्ने र कुनै पनि बैठक सभामा कुनै कुरामा निर्णय गर्दा मत बराबर भएमा निर्णायक मत दिने ।
४) आफू वा परिषद विरुद्धको अविश्वासमा छलफल हुने साधारण सभामा वाहेक एशोसिएसनको साधारण सभामा अध्यक्षता गर्ने ।
५) एशोसिएसनको उद्देश्य, कृयाकलाप, विधानको आसय अनुसार काम भए नभएको रेखदेखका साथै कार्यान्वयनको पूर्ण जिम्मेवारी बहन गर्ने ।
६) परिषदको बैठक बोलाउने निर्देशन तथा स्वीकृति दिन सक्ने ।
७) यस विधान तथा यस अन्तर्गत बनेको नियम उप-नियमले दिएका अधिकारको उपभोग तथा कर्तव्य पालना गर्ने ।
८) आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम उपाध्यक्षलाई प्रत्योजन गर्न सक्ने ।

ख) उपाध्यक्ष

१) अध्यक्षको अनुपस्थिति वा अध्यक्षको पद रिक्त हुन आएमा कार्यवाहक अध्यक्षको रुपमा रही अध्यक्षको अधिकारको उपभोग तथा कर्तव्यको पालना गर्ने ।
२) एशोसिएसनका क्षेत्रीय केन्द्र, केन्द्र एवं परिषदले गठन गरेका विभिन्न समिति एवं उपसमितिबाट गरिएका कार्यको अनुगमन, मूल्यांकन एवं प्रगति प्रतिवेदन प्राप्त गरी अध्यक्ष एवं परिषद् समक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।
३) अध्यक्षद्वारा प्रत्योजित अधिकारको उपभोग एवं कर्तव्यको पालना गर्नुका साथै अध्यक्षलाई सघाउने ।

ग) महासचिव

१) अध्यक्षको राय समेत लिइ दैनिक कार्य सञ्चालन गर्ने ।
२) साधारण सभा एवं परिषदका नीति निर्देशन तथा कार्यक्रम कार्यान्वयन गर्ने ।
३) साधारण सभामा वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने ।
४) अध्यक्षलाइ सभा अगावै एशोसिएसन सम्बन्धी सम्पूर्ण गतिविधको पूर्ण जानकारी दिने ।
५) अध्यक्षको परामर्श एवं स्वीकृतिमा सभा, बैठक आदि बोलाउने र सञ्चालन गर्ने ।
६) परिषद्को बैठकको लागि प्रस्ताव सहितको सूचना परिषदका सदस्यहरुलाई दिने ।
७) एशोसिएसनका विभिन्न सभा बैठकमा भएका आदेश तथा निर्णयहरुको माइन्यूट कायम राख्ने ।
८) एशोसिएसनका सदस्यको लगत राख्ने र एशोसिएसनका तर्फबाट पत्र व्यवहार गर्ने ।
९) यस विधान र यस अन्तर्गत बनेका नियम उप-नियममा लेखिएका अधिकारको उपयोग र पालना गर्ने ।
१०) आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम उप-महासचिवलाई प्रत्योजन गर्न सक्नेछ ।

घ) उप-महासचिव

१) दैनिक कार्यभार सञ्चालन गर्ने काममा महासचिवलाई सहयोग गर्ने
२) महासचिवको अनुपस्थिति वा निजको पदको रिक्त हुन आएमा महासचिवका यस विधानद्वारा प्रदत्त सम्पूर्ण कार्यभार सञ्चालन तथा अधिकारको उपभोग एवं कर्तव्यको पालना गर्ने ।
३) संस्थागत सदस्यता, क्षेत्रीय केन्द्र र केन्द्रको गठनको लागि प्राप्त आवेदन माथी विचार गरी परिषद् वा परिषद्ले तोकेको पदाधिकारी समक्ष पेश गर्ने र संस्थागत गर्ने र संस्थागत सदस्य, क्षेत्रीय केन्द्र र केन्द्रहरुको लगत राख्ने ।
४) आफूलाई प्रत्योजित अधिकारको उपभोग एवं कर्तव्यको पालना गर्ने ।

ङ) कोषाध्यक्ष

१) एशोसिएसनको चल अचल सम्पत्तिका साथै कोष तथा लेखा सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।
२) एशोसिएसनको सदस्यको दर्ता अभिलेख राख्ने र समसामयिक बनाउने ।
३) महासचिवको लिखित सिफारिसमा रकम भुक्तानी गर्ने ।
४) हरेक ६ महिनामा एशोसिएसनको वासलात परिषद्मा र वार्षिक वासलात परिषद् मार्फत साधारण सभामा पेश गर्ने एवं एशोसिएसनको वार्षिक बजेट परिषदको परामर्शमा तर्जुमा गर्ने ।
५) परिषद्को हरेक मासिक बैठकमा एशोसिएसनको आर्थिक स्थिति पेश गर्ने, क्षेत्रीय केन्द्र र केन्द्रहरु समेतको एशोसिएसनको वार्षिक वासलात तथा लेखा परिक्षकको प्रतिवेदन साधारण सभा हुनु भन्दा अगावै परिषद्मा पेश गर्ने ।

३) यस विधान तथा विधान अन्तर्गत बनेका नियम उप-नियमहरुले तोकेको अधिकारको उपयोग एवं कर्तव्य पालना गर्ने ।

## दफा - ९ निर्वाचन

१) **मताधिकार र योग्यता**

क) सदस्यले परिषदका पदाधिकारी र सदस्य पदको उम्मेदवार हुन र प्रत्येक पदका लागि एक एक व्यक्ति एकमतका आधारमा मतदान गर्न पाउनेछ।

ख) परिषदको निर्वाचनमा उम्मेदवार हुन चाहने सदस्यले एशोसिएसनलाई बुझाउनु पर्ने शुल्क र अन्य रकमहरु सबै उम्मेदवार हुनु अगावै चुक्ता गरेको हुनुपर्दछ ।

ग) निर्वाचनमा उम्मेदवार हुन र मत दिन यस विधान अन्तर्गतका अन्य कुनै दफाले अयोग्य भएको हुनु हुँदैन ।

२) **निर्वाचन विधि**

क) परिषद्ले आफ्नो कार्यकाल समाप्त हुनुभन्दा कम्तिमा ७५ दिन अगावै कम्तिमा ३ जनाको एक निर्वाचन समिति गठन गर्नेछ ।

ख) निर्वाचन समितिले गठन भएको ७ दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशित गरी निर्वाचन प्रकृया प्रारम्भ गर्नेछ ।

ग) निर्वाचन समितिले तोकेको मितिभित्र उम्मेदवार हुन चाहने सदस्यले. तोकिएको ढाँचामा उम्मेदवारी फर्म भरी तोकिएको समयभित्र निर्वाचन समितिलाई बुझाउनु पर्नेछ ।

## दफा - १० परिषद्को पदावधि समाप्ति र रिक्त पदपूर्ति

१) **पदावधि समाप्ति**

परिषद्का पदाधिकारी तथा सदस्यहरुको पदावधि यस विधानका अन्य दफामा तोकिएका अवस्थामा बाहेक देहायका अवस्थामा समाप्त हुनेछ ।

क) परिषद्का पदाधिकारी वा सदस्यको लिखित राजीनामा परिषद्ले स्वीकृत गरेमा ।

ख) मनासिव कारण सहितको अग्रिम लिखित सूचना विना परिषद्को ३ वटा मासिक बैठकमा लगातार अनुपस्थित रहेमा ।

ग) जुनसुकै कारणबाट पनि परिषदको ६ वटा बैठकमा लगातार अनुपस्थित रहेमा ।

घ) मृत्यु भएमा वा बहुलाएमा ।

२) **पूर्ति**

परिषद्को पदाधिकारी तथा सदस्यहरुको पदाबधि माथिको उप-दफा (१) बमोजिम रिक्त हुन आएमा सो पदको बाँकी अवधिका लागि निम्न बमोजिम पदपूर्ति गरिनेछ ।

क) अध्यक्षको पद उपाध्यक्षद्वारा ।

ख) उपाध्यक्षको पद परिषद्का सदस्यहरु मध्येबाट परिषदको निर्णयबाट तोकिएको व्यक्तिद्वारा ।

ग) महासचिवको पद उप-महासचिवद्वारा ।

घ) उप-महासचिवको पद परिषद्को निर्णय बमोजिम परिषद्का कुनै सदस्द्वारा ।

ङ) कोषाध्यक्षको पद सह-कोषाध्क्ष भएमा निजद्वारा र सो नभएमा परिषद्को निर्णयबाट तोकिएको व्यक्तिद्वारा ।

च) परिषद्को सदस्यको पद परिषद्ले सदस्यहरु मध्येबाट सहबरणद्वारा ।

छ) यस उप-दफाको खण्ड (क) देखि (ख) सम्म जेसुकै लेखिएको भए तापनि परिषद् भङ्ग भएमा वा परिषद्का कुनै पदाधिकारी वा सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव पारित भई रिक्त हुन आएमा दफा ८ बमाजिम निर्वाचनद्वारा सो पदपूर्ति गराइनेछ, तर कार्यकारिणी परिषद्को निर्वाचन हुँदा कुनै पदका लागि उम्मेदवारीको ।

दरखास्त नै नपरी वा अन्य जुनसुकै कारणले सो पद पूर्ति नभएमा वा उप-दफा (च) अनुसार सहवरणित सदस्यको पदावधिको लागि यस्तो रिक्त पद आसन्न वार्षिक साधारण सभाबाट निर्वाचनद्वारा पूर्ति गरिनेछ ।

## दफा - ११ अविश्वासको प्रस्ताव

१) परिषद् वा परिषदको कुनै पदाधिकारी वा सदस्यका विरुद्ध कारण देखाई अविश्वासको प्रस्ताव ल्याउन सकिनेछ ।

२) परिषद्को पदाधिकारी वा सदस्यहरुको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन कम्तिमा ४० साधारण सदस्यले परिषद् समक्ष लिखित माग गर्नु पर्नेछ तर परिषद्को विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनको लागि कम्तिमा १०० जना साधारण सदस्यहरुको लिखित माग हुनु अनिवार्य हुनेछ ।

३) यस्तो माग हुनु भन्दा अगावै कुनै साधारण सभा बोलाईएको भएमा र उक्त सभा कम्तिमा १५ दिन पछि हुने रहेछ भने सोही सभामा अन्यथा विशेष साधारण सभा आव्हान गरि अविश्वासको प्रस्ताव माथि छलफल गरिनेछ ।

४) परिषद्का कुनै पदाधिकारी वा सदस्यको विरुद्धको अविश्वासको प्रस्ताव पारित हुन कुल उपस्थित सदस्य संख्याको कम्तिमा दुई तिहाई बहुमतको स्वीकृति आवश्यक हुने छ । तर,

क) परिषद् विरुद्धको अविश्वासको प्रस्तावलाई कूल सदस्य संख्याको कम्तिमा २५ प्रतिशत सदस्य उपस्थित भएमा र ती मध्ये २/३ ले प्रस्तावको पक्षमा मत दिएमा मात्र अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ ।

ख) अविश्वासको प्रस्ताव पारित हुनासाथ परिषद्का सम्पूर्ण सदस्यको अधिकार स्वत: समाप्त हुनेछ ।

## दफा - १२ समन्वय सभा :

१) गठन:

एशोसिएसनको विभिन्न केन्द्रहरु, क्षेत्रीय केन्द्रहरु, तथा परिषद् बीच समन्वय कायम गर्न प्रत्येक परिषदले परिषदको पदावधि सम्मको लागि एशोसिएसनका अध्यक्षको अध्यक्षतामा समन्वय सभाको गठन गर्नेछ । यस सभाको सदस्यमा परिषद्का पदाधिकारी र सदस्य समेत १५ जना, हरेक क्षेत्रीय केन्द्रका सभापति एक जना र सचिव एक जना, हरेक केन्द्रका सभापति एकजना, एशोसिएसनका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका तीनजना, परिषदका भूतपूर्व पदाधिकारीहरु मध्येबाट परिषदले मनोनयन गरेका तीनजना, मानार्थ सदस्य र फेलो मध्येबाट दुई दुई जना गरी परिषद्ले मनोनयन गरेका ४ जना हरेक क्षेत्रीय केन्द्रबाट सिफारिस गरिएका दुई जना र हरेक केन्द्रबाट सिफारिस गरिएका एकजना रहनेछन ।

२) कर्तव्य र अधिकार :

क) समन्वय सभाले विधान बमोजिम तर्जुमा गरिएको नीति निर्धारण र कार्यान्वयन पक्ष बीच सामन्जस्य ल्याउने र परिषद क्षेत्रीय केन्द्र एवं केन्द्रहरुलाई आवश्यकतानुसार सल्लाह सुझाव दिने कार्य गर्नेचछ ।

ख) आवश्यकता अनुसार समिति वा उपसमिति गठन गरि आफ्नो जिम्मामा रहेको कार्य गर्न वा गराउन सक्नेछ । परिषद्ले दिएको अधिकार प्रयोग गरी तोकिए बमोजिमको कार्य गर्नेछ ।

३) बैठक

समन्वय सभाको बैठक परिषद्ले निर्णय गरे बमोजिम साधारणतया कम्तिमा वर्षको एक पटक बस्नेछ । यस्तो बैठक बस्नु भन्दा २१ दिन अगावै परिषद्ले समन्वय सभाका सबै सदस्यहरुलाई छलफल हुने विषय समेत जानकारी गराउनेछ ।

४) गणपूरक संख्या

समन्वय सभाको बैठक संचालनका लागि समन्वय सभाका सदस्यको कम्तिमा एक तिहाई उपस्थिति अनिवार्य हुनेछ ।

## दफा - १३ क्षेत्रीय केन्द्र र केन्द्र

१) क्षेत्रीय केन्द्र

क) ✡[1] ............ ***नेपाल भित्र ~~र बाहिर~~*** विभिन्न भागमा आवश्यतानुसार एशोसिएसनका क्षेत्रीय केन्द्रहरु खोल्न सकिनेछ ।

ख) कुनै ठाउँमा क्षेत्रीय केन्द्र खोल्नका लागि कम्तिमा १२५ जना सदस्यले लिखितरुपमा माग गरेमा वा कम्तिमा पाँचवटा केन्द्रहरुले ती केन्द्रहरु मध्ये कुनै एक केन्द्रलाई नै क्षेत्रीय केन्द्रमा परिवर्तन गर्न अथवा अन्य कुनै नयाँ ठाउँमा क्षेत्रीय केन्द्र खोल्न सिफारिस गरेमा परिषद्ले विचार गरी स्वीकृति प्रदान गर्न सक्नेछ ।

ग) क्षेत्रीय केन्द्रले दैनिक कार्य संचालन गर्नका निमित्त यस विधानको परिधिभित्र रही सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र आवश्यकतानुसार अन्य पदाधिकारी र सदस्य समेत रहने गरी बढीमा ९ जनाको कार्यकारिणी समिति गठन गर्न र नियम उप-नियमहरु बनाउन सक्नेछ । तर त्यस्ता नियम उप-नियम एवं कार्यकारिणी समितिको गठन प्रक्रिया लागू गर्नु अघि परिषदको स्वीकृति लिनु पर्नेछ ।

घ) कार्यकारिणी समितिले सभा, सेमिनार गर्न, आर्थिक स्रोत जुटाउन खर्च गर्न एवं परिषदलाई केन्द्रहरु खोल्ने वा विघटन गर्ने सिफारिस गर्न सक्नेछ ।

ङ) कार्यकारिणी समितिले नयाँ सदस्यताको लागि परिषद् समक्ष सिफारिस गर्न र प्रवेश तथा सदस्यता शुल्क उठाउन सक्नेछ ।

च) क्षेत्रीय केन्द्रले उठाएको वा केन्द्र मार्फत प्राप्त भएको प्रवेश शुल्क शत प्रतिशत र वार्षिक सदस्यता शुल्क हकमा आफैले उठाएकोमा ४० प्रतिशत र केन्द्र मार्फत प्राप्त भएको हकमा २० प्रतिशत रकम परिषद्लाइ हस्तान्तरण गर्नु पर्नेछ ।

छ) क्षेत्रीय केन्द्र अन्तर्गत रहेका केन्द्रहरुको समेत वार्षिक हिसाव परिषदमा पठाउनु पर्नेछ ।

ज) क्षेत्रीय केन्द्र अन्तर्गत ५० प्रतिशत भन्दा कम सदस्य कायम रहेमा परिषद्ले क्षेत्रीय केन्द्रलाई केन्द्रमा परिणत गर्न वा विघटन गर्न सक्नेछ ।

झ) कुनै क्षेत्रीय केन्द्रले एशोसिएसनको हित र विधान विरुद्ध काम गरेको छ भन्ने परिषद्ले ठहऱ्याएमा साधारण सभाको निर्णय लिई विघटन गर्न वा साधारण सभाको बैठकमा पर्खिन उचित नठानेमा पछि साधारण सभाबाट अनुमोदन लिने गरी त्यस्तो क्षेत्रीय केन्द्रलाई परिषद्ले दुई तिहाई बहुमतको निर्णयद्वारा निलम्बन गर्न सक्नेछ ।

२) केन्द्र

क) ✡[2] ............ ***नेपाल भित्र ~~र बाहिर~~*** विभिन्न भागमा एक वटा केन्द्र रहने गरी एशोसिएसनका केन्द्रहरु क्षेत्रीय केन्द्र अन्तर्गत वा सोझै परिषद् अन्तर्गत रहने गरी खोल्न सकिनेछ ।

ख) कुनै ठाउँमा केन्द्र खोल्नका लागि कम्तिमा २५ जना सदस्यले सोझै वा क्षेत्रीय केन्द्र मार्फत लिखित माग गरेमा परिषद्ले स्वीकृति दिन सक्नेछ ।

ग) केन्द्रको दैनिक कार्य संचालन गर्न यस विधानको परिधि भित्र रही सभापति, उप-सभापति, सचिव र आवश्यकता अनुसार अन्य पदाधिकारी र सदस्यहरु रहने गरी बढीमा ७ जनाको कार्यकारिणी समिति गठन गर्न वा नियम उप-नियमहरु बनाउन सक्नेछ । तर त्यस्ता नियम उप-नियम वा कार्यकारिणी समितिको गठन प्रकियाहरु लागु गर्नु अघि सम्बन्धित क्षेत्रीय केन्द्रमा वा परिषद्मा स्वीकृतिका लागि पठाउनु पर्नेछ ।

घ) केन्द्रको कार्यकारिणी समितिले सभा - सेमिनार गर्न, आर्थिक स्रोत जुटाउन, खर्च गर्न, नयाँ सदस्यताको सिफारिस पठाउन, प्रवेश र सदस्यता शुल्क उठाउन एवं क्षेत्रीय केन्द्र वा परिषद्ले सुम्पेका अन्य कुनै अधिकारको उपभोग गर्न सक्नेछ ।

ङ) केन्द्रले उठाएको प्रवेश शुल्कको शत प्रतिशत र वार्षिक सदस्यता शुल्कको ४० प्रतिशत रकम सम्बन्धित क्षेत्रीय केन्द्र वा परिषद्मा पठाउनु पर्नेछ ।

च) केन्द्रले वार्षिक हिसाव सम्बन्धित क्षेत्रीय केन्द्र वा सो नभए परिषद्मा पठाउनु पर्नेछ ।

छ) केन्द्र अन्तर्गत १० जना भन्दा कम सदस्य रहेमा परिषद्को सहमतिमा सम्बन्धित क्षेत्रीय केन्द्रले र सो नभएमा परिषदले त्यस्तो केन्द्रलाई विघटन गर्न सक्नेछ ।

---

*✡[1] ०६९/०६/२७ को ४३औं साधारण सभाद्वारा संशोधीत ।*
*✡[2] ०६९/०६/२७ को ४३औं साधारण सभाद्वारा संशोधीत ।*

ज) केन्द्रले एशोसिएसनको हित र विधान विरुद्ध काम गरेको छ भनि सम्बन्धित क्षेत्रीय केन्द्रले सिफारिस गरेमा वा परिषदले ठहऱ्याएमा साधारण सभाको निर्णय लिई विघटन गर्न वा साधारण सभाको बैठक सम्म पर्खिन उचित नठानेमा पछि साधारण सभाबाट अनुमोदन लिने गरी त्यस्तो केन्द्रलाई दुई तिहाई बहुमतको निर्णयद्वारा निलम्बन गर्न सक्नेछ ।

झ) केन्द्र विघटन भएको स्थितिमा केन्द्रको चल अचल सम्पत्ति सम्वन्धित क्षेत्रीय केन्द्र वा सो नभएमा परिषद्ले भोग चलन गर्नेछ ।

## दफा - १४ विधान संशोधन

१. एशोसिएसनको नाम परिवर्तन तथा विघटन बाहेकका यस विधानका सबै संशोधनहरु साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतको निर्णयले गर्न सकिनेछ । तर यस विधानको प्रावधानहरुमा मौलिक परिवर्तन गर्न प्राकृतिक संशोधनको हकमा सबै संशोधनको प्रस्ताव साधारण सभा हुनु भन्दा कम्तिमा ४५ दिन अगावै सबै सदस्यहरुको सूचनार्थ प्रकाशित गरेर त्यसमा प्राप्त प्रतिकृया र संशोधनहरु समेतलाई साधारण सभामा विचारार्थ प्रस्तुत गरिनेछ र संशोधन प्रस्ताव पारित हुन कम्तिमा दुई तिहाई सदस्यहरुको मत प्रस्तावको पक्षमा हुनु पर्नेछ ।

२. संशोधन निम्ति परिषद्ले निर्णय गरेमा वा कम्तिमा ४० जना सदस्यले लिखित रुपमा संशोधनको प्रस्ताव प्रस्तुत गरेमा परिषद्ले यस्तो प्रस्ताव प्राप्त गरेको ६ महिना भित्र संशोधनको प्रस्ताव ल्याई सम्पूर्ण सदस्यहरुको जानकारीका लागि कम्तिमा ४५ दिन अगाडि प्रकाशित गरी साधारण सभामा प्रस्तुत गर्नेछ ।

## दफा - १५ आयश्रोत र लेखा परिक्षण

आयश्रोत

एशोसिएसनको आयश्रोत निम्न बमोजिम हनेछ :-

क) सदस्यता शुल्क ।

ख) ✡ ............ ***नेपाल सरकार***[1] तथा अन्य व्यक्ति वा निकायहरुबाट प्राप्त अनुदान ।

ग) अन्य श्रोत ।

लेखा परिक्षण

एशोसिएसनको प्रत्येक वर्ष आषाढ मसान्तसम्मको आय व्यय विवरण स्रेस्ता आदि साधारण सभाले तोकेको लेखा परिक्षक वा लेखा परिक्षण समितिबाट परीक्षण गराई साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

## दफा - १६ विघटन

एशोसिएसनका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतको निर्णयद्वारा एशोसिएसनको स्वत: विघटन हुनेछ यसरी विघटन हुँदा संस्थाको सम्पत्ति नेपालको प्रचलित ऐन कानूनको बन्देजभित्र रही यस्तो विघटनको निर्णय गर्न बनेको साधारण सभाले निर्णय गरे अनुसार हुनेछ ।

## दफा - १७ बचाउ र खारेजी :

क) नेपाल इन्जिनीयर्स एशोसिएसनको विधान दोश्रो संशोधन अन्तर्गत भए गरेको कामहरु यसै विधान अन्तर्गत भए गरेको मानिने छ ।

ख) नेपाल इन्जिनीयर्स एशोसिएसनको दोश्रो संशोधित विधान खारेज गरिएको छ ।

---

*✡[1]. ०६९/०६/२७ को ४३औं. साधारण सभाद्वारा संशोधीत ।*

संशोधित स्वीकृत

उमाकान्त अधिकारी
प्रशासकीय अधिकृत

# नेपाल इन्जिनियर्स एशोसिएसन

## संशोधित विधान २०५१

### ३ महले संशोधन फारम

| क्र.सं. | विधानको शिर्षक | हालको व्यवस्था | संशोधन तथा थप गर्नुपर्ने शब्द/विषय | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | प्रस्तावना | नेपालको सर्वाङ्गीण विकासको क्रममा देशका इन्जिनियर समुदायको भूमिका सुव्यावस्थित तवरले प्रभावशाली बनाउनको साथै समुदायको पेशागत हित र समुन्नतिका लागि संङ्गठीत तवरले सामुहिक रुपमा काम गर्ने *एक संस्थाको स्थापना गर्ने उद्देश्यबाट बिक्रम सम्बत २०२५* सालमा स्थापित नेपाल इन्जिनियर्स एशोसिएसनले* २०२४ सालमा तयार भएको विधान अन्तर्गत काम गर्दै आएकोमा त्यस विधानमा समसामयिक संशोधन गर्न वान्छनीय देखिएकोले यो तेस्रो संशोधन ०५१/०१/३१ को विशेष साधारण सभाबाट पारित भई मिति ०५१/०३/२० देखि लागू गरिएको छ। | नेपालको सर्वाङ्गीण विकासको क्रममा देशका इन्जिनियर समुदायको भूमिका सुव्यावस्थित तवरले प्रभावशाली बनाउनको साथै समुदायको पेशागत हित र समुन्नतिका लागि संङ्गठीत तवरले सामुहिक रुपमा काम गर्ने *मुनाफारहित र गैर राजनैतिक एक संस्थाको स्थापना गर्ने उद्देश्यबाट बिक्रम सम्बत २०१९ सालमा स्थापित नेपाल इन्जिनियर्स एशोसिएसनले* २०२४ सालमा तयार भएको विधान अन्तर्गत काम गर्दै आएकोमा त्यस विधानमा समसामयिक संशोधन गर्न वान्छनीय देखिएकोले यो तेस्रो संशोधन ०५१/०१/३१ को विशेष साधारण सभाबाट पारित भई मिति ०५१/०३/२० देखि लागू गरिएको छ। | एशोसिएसन एक विशुद्ध मुनाफारहित सामाजिक संस्था भएकोहुंदा कर छुट पाउने संस्थाको रुपमा यस्ता शब्द विधानमा उल्लेख हुन बान्छनीय भएकोले ।<br><br>नेपाल इन्जिनियर्स एशोसिएसनको सरकारी दर्ता अभिलेख अनुसार स्थापना मिति वि.सं. २०१९/४/३ तदनुसार इस्वि सन् १९६२/७/१८ रहेकोले । |
| २ | दफा १, (२) ठेगाना | यो संस्थाको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । यस विधानको अधिनमा रही आवश्यकता अनुसार *अधिराज्य* भित्र क्षेत्रीय केन्द्र र केन्द्रहरु खोल्न सकिनेछ। | यो संस्थाको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। यस विधानको अधिनमा रही आवश्यकता अनुसार स्थानीय अधिकारीको स्विकृती लिई *नेपाल भित्र* क्षेत्रीय कार्यालय र जिल्ला स्तरमा जिल्लास्तरको केन्द्रहरु खोल्न सकिनेछ। | मौजुदा विधानमा नेपाल अधिराज्य भन्ने शब्द रहेको र हाल उक्त शब्द हाल प्रचलनमा नभएको हुँदा *नेपाल भित्र* भन्ने शब्द राख्ने । |
| ३ | दफा १३, १ क्षेत्रीय केन्द्र (क) | *अधिराज्यका* विभिन्न भागमा आवश्यतानुसार एशोसिएसनका क्षेत्रीय केन्द्रहरु खोल्न सकिनेछ। | *नेपाल भित्र* विभिन्न भागमा आवश्यतानुसार स्थानीय अधिकारीको स्विकृती लिई एशोसिएसनका क्षेत्रीय केन्द्रहरु खोल्न सकिनेछ। | ऐजन, ऐजन |
| ४. | दफा १३, २. केन्द्र (क) | नेपाल *अधिराज्यभित्र* प्रत्येक जिल्लामा एक वटा केन्द्र रहने गरी एशोसिएसनका केन्द्रहरु क्षेत्रीय केन्द्र अन्तर्गत वा सोझै परिषद् अन्तर्गत रहने गरी खोल्न सकिने छ। | नेपाल *भित्र विभिन्न भागमा* एक वटा केन्द्र रहने गरी एशोसिएसनका केन्द्रहरु क्षेत्रीय केन्द्र अन्तर्गत वा सोझै परिषद् अन्तर्गत रहने गरी संबन्धित निकायको स्विकृतीमा खोल्न सकिने . | ऐजन, ऐजन |
| ५. | दफा १५(ख) | *श्री ५ को सरकार* तथा अन्य व्यक्ति वा निकायहरुबाट प्राप्त अनुदान | *नेपाल सरकार* तथा अन्य व्यक्ति वा निकायहरुबाट प्राप्त अनुदान | राजनैतिक व्यवस्था परिवर्तन पश्चात श्री ५ को सरकार शब्द प्रचलनमा नरहेकोले । |